भाग १० रक्षाविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।
भाग ११ यातायातविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।
भाग १२ संसद्—सम्बन्धी सूचना विज्ञप्ति, इत्यादि ।
भाग १३ विकाश तथा योजनासम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

## भाग ४

## बढी अन्न थुपार्नेहरूलाई चेतावनी

( खाद्य भूमिव्यवस्थामन्त्रालयको सूचना )

यस मन्त्रालयबाट खाद्यान्न अनुचित तरिकाबाट थुप्रचाई राख्नेहरूलाई पत्ता लगाई खानतलासीसमेत गरी पहिले विज्ञप्ति प्रकाशित भएअनुसार उचित कारवाई गर्न असिस्टेन्ट डाइरेक्टर क. प. टेकबहादुर राय माझीको अध्यक्षतामा पुलीस र खाद्य इन्स्पेक्टरहरूको खाद्यान्न संकट निवारण कमिशन गठन भै उपरोक्त कामको निमित्त यही आषाढ २४ गते सोमवार खटिइसकेको छ। यस कमिशनले चाँडैनै अनुचित फायदा उठाउन अन्न थुप्रचाई राख्नेहरूको पत्ता लगाई उचित कारवाई गर्नेछ। अन्न थुपार्नेहरूको नाम ठाउँ ठाउँबाट प्राप्त भएको छ। अझै पनि आफ्नो घरतलासी नहुँदैमा यस मन्त्रालयमा आफूसँग भएको स्टक लेखाउन आएमा जफत हुनेछैन। तर सरकारले तोकिदिएको मोलमा जनतामा बिक्री वितरण गर्नुपर्छ ।

यही २४ गतेका दिन आरुबारी बस्ने लालबहादुर खत्रीले अन्न थुपारेको छ भन्ने सुराक लागेकोले निज लालबहादुरको घर खानतलासी गर्दा ३०० मुरी-भन्दा बर्ता धान र अरु अन्नसमेत पत्ता लागेकोले यसमा निजको घरखर्चलाई छोडी बाँकी अन्न जफत गरी त्यसै इलाकाको मानिसमा बिक्री हुने भएको छ ।

सेक्रेटरी,
खाद्य भूमि-व्यवस्थामन्त्रालय.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।